माननीय मन्त्रिज्यूबाट मिति २०८३
भाद्र ९ गते स्वीकृत

# विद्यालय रोभिङ्ग नर्स कार्यक्रम सञ्चालन निर्देशिका, २०८३

## लुम्बिनी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## २०८३

# विद्यालय रोभिङ्ग नर्स कार्यक्रम सञ्चालन निर्देशिका,२०८३

**<u>प्रस्तावनाः</u>** विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत पोषण, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सुधार, स्वस्थ जीवनशैली, मानसिक स्वास्थ्य, सन्तुलित आहार र वातावरणीय तथा ब्यक्तिगत सरसफाई प्रवर्द्धन, विद्यालयमै प्राथमिक उपचार एवं जटिल स्वास्थ्य समस्याको समयमै पहिचान गरी प्रेषण गर्न विद्यालय रोभिङ्ग नर्स कार्यक्रमलाई ब्यवस्थित गर्न वान्छनीय भएकोले लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो निर्देशिका तयार गरी जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "विद्यालय रोभिङ्ग नर्स कार्यक्रम सञ्चालन निर्देशिका २०८३" रहेको छ ।

(२)यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क. "कार्यक्रम" भन्नाले विद्यालय रोभिङ्ग नर्स कार्यक्रमलाई सम्झनु पर्छ।

ख. "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ ।

ग. "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

घ. “निर्देशनालय” भन्नाले स्वास्थ्य निर्देशनालय सम्झनु पर्दछ।

ङ. "स्थानीय तह" भन्नाले विद्यालय रोभिङ्ग नर्स कार्यरत रहेको गाउँपालिका, नगरपालिका वा उप-महानगरपालिका सम्झनु पर्छ।

च. "सामुदायिक विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ।

छ. "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा स्थापना वा सञ्चालन भएको प्रचलित कानुन बमोजिको संस्थागत विद्यालय सम्झनु पर्छ।

ज. "विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम" भन्नाले प्रदेश सरकारद्वारा विद्यालयमा सञ्चालन गर्ने स्वास्थ्य तथा पोषणका कार्यक्रमलाई सम्झनु पर्छ।

झ. "विद्यालय रोभिङ्ग नर्स" यस निर्देशिकाको दफा (७) बमोजिमको योग्यता पुगेको र दफा (८) बमोजिम नियुक्ती गरिएको नर्सलाई सम्झनु पर्छ।

ञ. "स्थानीय स्वास्थ्य संस्था" भन्नाले सरकारी आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य क्लिनिक वा त्यस्तै प्रकारको अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

ट. "किशोरकिशोरी" भन्नाले १० देखि १९ वर्षसम्मका ब्यक्तिहरुलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## कार्यक्रमको उद्देश्य

३. **कार्यक्रमको उद्देश्यहरु:** (१) विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन।

(क) विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने।

(ख) विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाई बारे जानकारी गराउने र प्रोत्साहित गर्ने।

(ग) सरुवा रोग तथा मनोसामाजिक स्वास्थ्य समस्या लगायतका नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(घ) विद्यालयमा अस्वस्थकर खाना निरुत्साहित गर्ने।

(ङ) यौन तथा प्रजनन्, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने।

(च) विद्यालय रोभिङ्ग नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने।

(छ) विद्यार्थी, शिक्षक, कर्मचारी परिवार तथा समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने।

(ज) विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने।

## परिच्छेद-३
## कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन

४. **कार्यक्रम कार्यान्वयन:** (१) मन्त्रालयले प्रदेशमा रहेका माध्यमिक विद्यालयहरुमा विद्यालय रोभिङ्ग नर्स कार्यक्रम संचालन गर्नेछ।

(२)यो निर्देशिका लागू हुनु अघि मन्त्रालय मार्फत सञ्चालनमा रहेका विद्यालय नर्स कार्यक्रम उपदफा (१) बमोजिमको विद्यालय रोभिङ्ग नर्स कार्यक्रममा रुपान्तरण गरिनेछ।

(३)प्रदेशमा रहेका संस्थागत विद्यालयहरुको हकमा, यस निर्देशिकाले तोकिए बमोजिम विद्यालय नर्सको व्यवस्थापन स्वःलगानीमा गर्न सक्नेछन्।

(४)कार्यक्रम सञ्चलानका लागि छनौट भई नियुक्त भएका विद्यालय रोभिङ्ग नर्सहरुलाई स्थानीय तहमा खटाईनेछ र स्थानीय तहको स्वास्थ्य र शिक्षा महा/शाखाको समन्वयमा निर्देशिकाको दफा (५) उपदफा (१), (२)र अनुसूची (२) अनुसार माध्यमिक विद्यालयहरु तोक्नुपर्नेछ।

(५)स्थानीय तहले विद्यालय रोभिङ्ग नर्सहरुको कार्यक्षेत्र तय गर्दा हाल विद्यालय नर्सहरु कार्यरत नरहेको विद्यालयहरुलाई प्राथमिकता दिनुपर्नेछ।

(६)विद्यालय रोभिङ्ग नर्सहरुले स्थानीय तहले तोकेको कार्यक्षेत्र र उपलब्ध गराएको मासिक फिल्ड कार्यतालिका अनुसार स्वास्थ्य संस्था तथा सम्बन्धित विद्यालयको समन्वय तथा सहकार्यमा अनुसूची (१) अनुसारको सेवा प्रदान गर्नेछन ।

**५. <u>कार्यक्षेत्र नक्साङ्कन:</u>**(१) विद्यालय रोभिङ्ग नर्स कार्यक्षेत्र तोक्ने र खटाउने कार्य अनुसूची (२) मा उल्लेख भए बमोजिमका माध्यमिक विद्यालयहरुको आधारमा हुनेछ ।

(२)कार्यक्षेत्रमा खटाउदा विद्यालय रोभिङ्ग नर्सलाई स्थानीय तहहरुमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरुको संख्या तथा भौगोलिक क्षेत्रको आधारमा देहाय बमोजिम खटाईनेछ:-

२.१. हिमाली जिल्लामा एक विद्यालय रोभिङ्ग नर्स बराबर बढिमा "२" वटा विद्यालय।

२.२ पहाडी जिल्लाहरुमा एक विद्यालय रोभिङ्ग नर्स बराबर बढीमा "४" वटा विद्यालय।

२.३ तराईका जिल्लाहरुमा एक विद्यालय रोभिङ्ग नर्स बराबर बढीमा "६" वटा विद्यालय।

(३) विद्यार्थीहरुको घनत्व हेरी स्थानीय तह र विद्यालयले समेत जनशक्ति ब्यवस्थापन गरी विद्यालय रोभिङ नर्स व्यवस्था गर्न सक्नेछन्।

**६.<u>अभिलेख, प्रतिवेदन,अनुगमन तथा मुल्याङ्कन:</u>** (क) विद्यालय रोभिङ्ग नर्सहरुले प्रदान गरेको सेवाहरुको अभिलेख दैनिक रुपमा अनुसूची(६) बमोजिमको ढाँचामा गर्नुपर्नेछ ।

(ख) मासिक प्रतिवेदन अनुसूची (७)बमोजिम तयार गरी महिना भुक्तान भएको ७ दिन भित्र स्थानीय स्वास्थ्य संस्था र महा/शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

(ग)स्थानीय स्वाथ्य संस्थाले DHIS-2 मा उपलब्ध भएका सुचकहरुलाई संस्थाको तथ्याङ्क प्रविष्ट गर्ने समयमा विद्यालय रोभिङ्ग नर्सले प्रदान गरेको सेवा समेत थप गरी प्रविष्ट गर्नु पर्नेछ ।

(घ)विद्यालय रोभिङ्ग नर्सले सम्पादन गर्ने कामको अनुगमन तथा मूल्याङ्कन स्थानीय तहको स्वास्थ्य शाखा/महाशाखा/ईकाईहरुले गर्नेछन ।

## परिच्छेद-४

## योग्यता र छनौट

**<u>७.विद्यालय रोभिङ्ग नर्सको योग्यताः</u>** (१) विद्यालय रोभिङ्ग नर्सको योग्यता देहाय अनुसार हुनेछ ।

(क)नेपाली नागरिक।

(ख)मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा अ.न.मी. कोर्स उत्तीर्ण गरी नेपाल नर्सिङ परिषद्मा दर्ता/ नविकरण भएको।

(ग)उमेर १८ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको।

(घ)नेपालको अन्य कुनै कानुनले अयोग्य ठहर नगरेको।

(ङ) विद्यालय रोभिङ्ग नर्स कार्यरत पद रिक्त हुन गएमा नियमानुसार नयाँ पदपुर्ति गर्नु पर्नेछ।

**<u>८.विद्यालय रोभिङ्ग नर्सको छनौट प्रकृयाः</u>**(१) निर्देशनालयले प्रदेशको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०८० (संसोधन समेत) बमोजिम विद्यालय रोभिङ्ग नर्स छनौट गर्नेछ।

## परिच्छेद-५

## भूमिका तथा जिम्मेवारी

**<u>९.विद्यालय रोभिङ्ग नर्सः</u>** (क)विद्यालय रोभिङ्ग नर्सको भूमिका तथा जिम्मेवारी अनुसूची (१) बमोजिम हुनेछ।

(ख)अनुसूची (३) बमोजिमको न्यूनतम औषधी तथा सामाग्रीहरुको सुनिश्चितता गर्ने र सोको आपुर्ति ब्यवस्थापनका लागि स्थानीय तहसँग माग गर्ने।

**<u>१०.विद्यालयः</u>** (क) विद्यालय रोभिङ्ग नर्सका लागि कार्यकक्षमा बस्ने व्यवस्था, स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गर्नका लागि समयको व्यवस्था गर्नु पर्नेछ।

(ख)विद्यालय रोभिङ्ग नर्सका लागि सेवा प्रदान गर्न चाहिने आवश्यक सामाग्री भण्डारण गर्ने स्थान तथा प्राथमिक उपचार र परामर्श सेवाका लागि आवश्यक स्थान उपलब्ध गराउनु पर्नेछ।

(ग)विद्यार्थीहरुको कक्षागत विद्यार्थी संख्या लगायतका आवश्यक जानकारीहरु विद्यालय रोभिङ्ग नर्सलाई उपलब्ध गराउनु पर्नेछ।

(घ)विद्यालय रोभिङ्ग नर्सलाई निर्देशिकाले तोकेको कार्यविवरण बाहेकको काममा खटाउन पाईने छैन।

**<u>११.स्थानीय स्वास्थ्य संस्थाः</u>** (क)विद्यालय रोभिङ्ग नर्सको लागि अनुसूची (३) बमोजिमका आवश्यक औषधी तथा उपकरणहरु उपलब्ध गराउनु पर्नेछ।

(ख)विद्यालय रोभिङ्ग नर्ससँग मासिक रुपमा सम्पादन गरेका कामहरुको प्रतिवेदन प्राप्त गरि DHIS-2 मा प्रविष्ट गर्नु पर्नेछ।

१२.**स्थानीय तहः** (क) विद्यालय रोभिङ्ग नर्सहरुको मासिक रुपमा अनुसूची (४) र (५) बमोजिमको फिल्ड कार्यतालिका तयार गरी स्वीकृत गर्नु पर्नेछ।

(ख)विद्यालय रोभिङ्ग नर्सको मासिक कार्ययोजना सम्बन्धित विद्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(ग)विद्यालय रोभिङ्ग नर्सका लागि अनुसूची-(३) बमोजिमको औषधीहरु तथा उपकरणहरु उपलब्ध गराउनु पर्नेछ।

(घ)स्वास्थ्य शाखाले मासिक रुपमा विद्यालय रोभिङ्ग नर्सको प्रमाणित हाजिरी, फिल्ड कार्यतालिका र सम्बन्धित विद्यालय रोभिङ्ग नर्सले सम्पादन गरेको कार्यको मासिक प्रतिवेदन महिना भुक्तान भएको ७ दिन भित्र स्वास्थ्य निर्देशनालय/स्वास्थ्य कार्यालयमा पठाउनु पर्नेछ।

(ङ)विद्यालय रोभिङ्ग नर्सको कामको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(च)विद्यालय रोभिङ्ग नर्स को नियमित अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषण स्वास्थ्य कार्यालय, निर्देशनालय र मन्त्रालयलाई गर्नु पर्नेछ।

१३.**स्वास्थ्य निर्देशनालय / स्वास्थ्य कार्यालयः** (क) विद्यालय रोभिङ्ग नर्स कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार निर्देशिका परिमार्जन तथा विस्तार गर्न मन्त्रालयलाई सिफारिस गर्नु पर्नेछ।

(ख)विद्यालय रोभिङ्ग नर्सहरुको छनौट, नियुक्ति, म्याद थप र नियमानुसार तलव भत्ता भुक्तानी गर्नु पर्नेछ।

१४.**स्वास्थ्य मन्त्रालयः** (क) विद्यालय रोभिङ्ग नर्स कार्यक्रमलाई पुनः मूल्याङ्कन, आवश्यकता अनुसार निर्देशिका परिमार्जन तथा कार्यक्रम विस्तार र निरन्तरता लागि आवश्यक बजेट सुनिश्चित गर्नु पर्नेछ।

## अनुसूची-१

## विद्यालय रोभिङ्ग नर्सको कार्य विवरण

कर्मचारीको पदः विद्यालय रोभिङ्ग नर्स स्थानीय तहः

कर्मचारीको नामः न्यूनतम शैक्षिक योग्यताः अ.न.मी तह उतिर्ण

सुपरिवेक्षकः स्वास्थ्य निर्देशनालय/स्वास्थ्य कार्यालय/स्थानीय तह प्रतिवेदन पेश गर्नुपर्नेः स्थानीय तह/ स्वास्थ्य संस्था

<u>कार्यविवरण</u>

१. प्रत्येक महिना विद्यालय रोभिङ्ग नर्सले स्थानीय तहको स्वास्थ्य महाशाखा/शाखा/ईकाईबाट स्वीकृत फिल्ड कार्यतालिका बमोजिम विद्यालयमा खटिनु पर्दछ ।

२. कार्यतालिका तयार गर्दा विद्यालयमा सञ्चालन हुने विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमहरुमा सहभागिता सुनिश्चित हुनेगरी गर्नुपर्दछ।

३. विद्यार्थीहरुलाई प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र प्रेषण सेवा उपलब्ध गराउनु पर्दछ ।

४. विद्यार्थीहरुलाई स्वस्थ जीवनशैलीसँग सम्बन्धित आचरण सिकाउनुका साथै सकारात्मक सोचको समेत विकास गर्न सहयोग गर्नु पर्नेछ।

५. विद्यालय रोभिङ्ग नर्सले महिनामा कुल कार्यदिनको कम्तिमा ८०% दिन अनिवार्य फिल्डमा खटिएको हुनुपर्ने छ। बाँकी दिनहरुमा स्थानीय स्वास्थ्य संस्था, स्थानीय तहमा प्रतिवेदन बुझाई कार्यक्रम प्रभावकारीताका लागि छलफल गर्नु पर्नेछ।

६. विद्यालय रोभिङ्ग नर्सले विद्यालयका बालबालिका/किशोर किशोरीहलाई यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार, सुरक्षित मातृत्व, पोषण, परिवार योजना, मानसिक स्वास्थ्य, नसर्ने तथा सर्ने रोगहरुको नियन्त्रण तथा रोकथाम आदिका विषयमा कक्षा सञ्चालन गर्नु पर्नेछ।

७. स्थानीय स्वास्थ्य संस्था/स्थानीय अस्पताल/प्रादेशिक अस्पताल लगायतमा प्राप्त हुने सेवाहरुका बारेमा समेत लक्षित वर्गलाई जानकारी गराउनु पर्नेछ।

८. विद्यालय रोभिङ्ग नर्सले आफ्नो कार्यक्षेत्रमा निम्न सेवाहरु प्रदान गर्नुपर्दछः-

## क. यौन तथा प्रजनन् स्वास्थ्य सेवाः

१. किशोर किशोरीहरुको स्वास्थ्य तथा किशोरावस्थामा हुने शारीरिक तथा मानसिक परिवर्तन र त्यसको ब्यवस्थापन जस्तै महिनावारी स्वच्छता, यौन रोगहरु, प्रजनन अंगमा हुने संक्रमण, बाझोपन, लगायतका विषयमा विद्यालयहरुमा कक्षा सञ्चालन।

२. किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य, किशोर किशोरीहरुमा हुने शारीरिक तथा मानसिक परिवर्तन आदिका बारेमा आवश्यकता अनुसार परामर्श सेवा।

३. किशोर किशोरीहरुलाई आवश्यकता अनुसार यौन तथा प्रजनन् स्वास्थ्य सेवा सम्वन्धी स्वास्थ्य परीक्षण तथा प्राथमिक स्वास्थ्य सेवा प्रदान, प्रेषण

४. महिनावारीसंग सम्बन्धित विभिन्न किसिमका समस्याहरु समाधान गर्न किशोरीहरुलाई सहयोग, किशोरीहरुका लागि निःशुल्क स्यानेटरी प्याड वितरण सम्बन्धी कार्यक्रम सञ्चालन र ब्यवस्थापनका लागि आवश्यक सहयोग।

५. परिवार योजना, प्रजनन् स्वास्थ्य, लगायतका विषयमा कक्षा सञ्चालन।

## ख .विद्यालय स्वास्थ्य तथा पोषण सेवाः

१. विद्यार्थीहरुको पोषण अवस्था पत्ता लगाउन पोषण लेखाजोखा गरी मापदण्ड अनुसार भए नभएको एकिन गरी ब्यवस्थापन।

२. विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमहरु सञ्चालनमा सक्रिय सहभागिता, किशोरी आईरन कार्यक्रम, विद्यालय जाने वालवालिकाहरुलाई जुकाको औषधी खुवाउने कार्यक्रम लगायतका कार्यक्रमहरुमा सक्रिय सहभागिता।

३. विभिन्न किसिमको पोषिलो खाना बारे जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । जस्तै पोषणको महत्वबारे जानकारी, स्वस्थकर खानाको प्रवर्द्धन, पोषण सम्बन्धी पोस्टर प्रदर्शन।

४. स्थान अनुसार पोषणयुक्त रैथाने र मौसम अनुसार उपलब्ध हुने खानेकुराको सूची तयार गरी अभिभावकलाई सो अनुसार प्रयोगमा ल्याउन प्रोत्साहन।

५. विद्यालयको भोजनालय तथा चमेना गृहमा पोषिलो खानाको योजना बनाउन र सरसफाईको ब्यवस्था मिलाउन सहयोग

६. घरबाट ल्याएको दिवा खाजाको निरीक्षण गरी पोषिलो खानालाई प्रोत्साहन र अति प्रशोधित खाना प्रयोगमा नियन्त्रण तथा निरुत्साहित गर्ने।

७. विद्यालयमा दिवा खाजाको दैनिक तालिका तयार गर्न सहयोग, साथै विद्यालय स्वच्छता तथा सरसफाईमा समेत अर्थपुर्ण सहभागिता जनाउने।

८. विद्यालयमा रहेका बालबालिकाहरुलाई सन्तुलित आहारको विषयमा कक्षाहरु सञ्चालन गर्ने, नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्वारा सञ्चालित पोषण कार्यक्रमहरुको बारेमा लक्षित वर्गलाई जानकारी गराउने ।

**ग. नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवाः**

१.मानसिक स्वास्थ्य तथा अन्य स्वास्थ्य समस्या समाधानका लागि बिद्यार्थीहरुलाई मनोसामाजिक परामर्श दिने।सम्भव भएसम्म मनोसामाजिक परामर्शका लागि अलग्गै परामर्श कक्षको ब्यवस्था मिलाउने।

२.विद्यार्थीहरुको स्वस्थ जिवनशैलीसंग सम्बन्धित ब्यवहारको (विद्यालयमा सुर्तीजन्य पदार्थ, मदिराजन्य पदार्थ प्रयोगमा नियन्त्रण) प्रवर्द्धन गर्ने।

३.विद्यार्थीहरुलाई लागू पदार्थ दुर्व्यसनी नियन्त्रण विषयमा स्वास्थ्य शिक्षा दिने।

४.नसर्ने रोग नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने।

५.स्थानीय तह तथा स्थानीय स्वास्थ्य संस्थाले सञ्चालन गर्ने नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरुमा सहयोग गर्ने ।

**घ. खोप सेवाः**

१. राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका खोपहरुको विषयमा विद्यालय/समुदायमा छलफल गरि खोप उपभोगलाई वृद्दि गर्ने।

२. किशोरीहरुलाई लगाईने पाठेघरको क्यान्सर बिरुद्दको HPV खोप लगाउन किशोरीहरुलाई उत्प्रेरित गर्ने।

३. विद्यालय भर्ना हुने वालकालिकाहरुको खोप ऐन २०७२ अनुसार पुर्ण खोपको अवस्था सुनिश्चित गर्ने र छुट खोप लगाउन प्रोत्साहन गर्ने।

४. नेपाल सरकार / प्रदेश सरकार तथा स्थानीय तहहरुबाट विद्यालयमा केन्द्र राखि सञ्चालन गरिने खोप अभियानहरुलाई सफल बनाउन सहयोग गर्ने ।

**ङ. आधारभूत स्वास्थ्य सेवा तथा प्राथमिक उपचार सेवाः**

१. स्थानीय तहसंग समन्वय गरि समय-समयमा विद्यार्थीहरुको विशेष स्वास्थ्य परिक्षण (विशेषगरी आखा,कान,मुख,दाँत,छाला आदि) गर्ने।

२. विद्यार्थी तथा शिक्षक तथा कर्मचारीहरुलाई लाग्ने सामान्य चोटपटक, घाउखटिरा तथा अपर्झट आईपर्ने समस्याको प्राथमिक उपचार तथा ब्यवस्थापन गर्ने।

३. दिर्घरोग लागेका बिद्यार्थी तथा शिक्षकहरुको ब्यक्तिगत कार्ययोजना बनाई सम्बन्धित शिक्षक, कर्मचारी तथा परिवारका सदस्यलाई संलग्न गराई कार्यान्वयन गर्ने।

४. विद्यालयमा आधारभूत तथा प्राथमिक उपचार सेवा प्रदान गर्ने ।

**च. वाल हिंसा तथा लैङ्गीक हिंसा तथा लागुपदार्थ दुरुत्साहन सम्बन्धी सेवाः**

१. विद्यार्थीहरुलाई लैङ्गिक हिंसा, बाल हिंसा, चेलिबेटी बेचबिखन, बालबालिका तथा मानव अधिकार लगायतका विषयमा शिक्षा प्रदान गर्नुका साथै ब्यवहार परिवर्तनमा सहयोग गर्ने।

२. विद्यालयको चमेना गृह, तथा विद्यालय वरपरका होटल खाजाघर, उद्योग आदिहरुमा बालश्रमिकहरु भए नभएको यकिन गर्ने यदि बालश्रम भएको यकिन भएमा सम्बन्धित निकायमा जानकारी गराउने।

३. किशोर किशोरीहरुलाई लागुपदार्थ सेवन तथा यसका असरहरुका बारेमा शिक्षा प्रदान गर्ने र ब्यवहार परिवर्तनमा सहयोग गर्ने ।

**छ. अन्य कृयाकलाहपरुः**

१. विद्यालयलाई स्वच्छ खानेपानी लैङ्गिक तथा अपाङ्ग मैत्री शौचालय लगायतका विषयमा सुझाव दिने तथा पहल गर्ने।

२. विद्यालयमा आधारित रहेर सञ्चालन हुने जनस्वास्थ्यका अभियानहरुमा सहयोग गर्ने।

३. धुम्रपान मध्यपान तथा सुर्तिजन्य पदार्थको नियात्रण तथा रोकथामका लागि वकालत गर्ने।

४. विद्यार्थीहरुलाई ब्यक्तिगत तथा बातावरणिय सरफाई, अनि फोहरमैला ब्यवस्थापन, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयमा शिक्षा प्रदान गर्नुका साथै ब्यवहार परिवर्तनमा सहयोग गर्ने।

५. प्रभावकारी र रचनात्मक सिकाईका लागि विद्यार्थीद्वारा विद्यार्थीहरुलाई स्वास्थ्य शिक्षा दिने परम्पराको सुरुवात गर्ने।

६. विद्यालय तथा विद्यालय वरपर अखाद्य वस्तु, अस्वस्थकर तयारी खानाको प्रयोमा नियन्त्रण गर्न सहयोग गर्ने, स्वच्छ खानेपानी तथा स्वस्थ वातावरणका लागि आवश्यक पृष्ठपोषण गर्ने।

७. विद्यालयहरुमा शैक्षिक विदा भएको समयमा स्थानीय तहले तोकेको समुदायमा जनस्वास्थ्यका प्रवर्द्धनात्क तथा प्रतिकारात्मक कृयाकलापहरु सञ्चालन गर्ने।

८. उल्लेखित बाहेक स्थानीय तहले दिएको थप जिम्मेवारी पुरा गर्ने।

## अनुसूची-२

## लुम्विनी प्रदेशमा रहेका सामुदायिक विद्यालयहरु

| क्र.सं | जिल्ला | स्थानीय तह | विद्यालय संख्या | कक्षा १ देखि ५ सम्म | कक्षा १ खेदि ८ सम्म | कक्षा १ देखि १० सम्म | कक्षा १ देखि १२ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गुल्मी | चन्द्रकोट गापा | ४१ | २६ | ६ | ३ | ६ | |
| २ | | छत्रकोट गा पा | ३७ | २४ | ४ | ५ | ४ | |
| ३ | | धुर्कोट गापा | ४१ | २८ | २ | ४ | ७ | |
| ४ | | गुल्मी दरबार गापा | २९ | १५ | ३ | ५ | ६ | |
| ५ | | ईस्मा गापा | ४२ | २७ | ८ | २ | ५ | |
| ६ | | कालिगण्डकी गापा | ४३ | २७ | ७ | ३ | ६ | |
| ७ | | मदाने गापा | ४४ | २८ | ८ | ४ | ४ | |
| ८ | | मालिका गापा | ४५ | २९ | ५ | ५ | ६ | |
| ९ | | मुसीकोट नपा | ५४ | ३० | ८ | ९ | ७ | |
| १० | | रेसुङ्गा नपा | ३२ | १६ | ३ | ८ | ५ | |
| ११ | | रुरु गापा | ३७ | २६ | ४ | २ | ५ | |
| १२ | | सत्यवती गापा | ३९ | २० | ७ | ५ | ७ | |
| १३ | पाल्पा | बगनासकाली गापा | २९ | ११ | ९ | ३ | ६ | |
| १४ | | माथागढी गापा | ४१ | २३ | ७ | ६ | ५ | |
| १५ | | निस्दी गापा | ५३ | २८ | १३ | २ | १० | |
| १६ | | पुर्वखोला गापा | ३८ | २३ | ७ | १ | ७ | |
| १७ | | रैनादेवी छहरा गापा | ६१ | ३४ | १५ | ४ | ८ | |
| १८ | | रामपुर नपा | ५३ | २९ | ७ | ८ | ९ | |
| १९ | | रम्भा गापा | ३७ | २१ | ७ | ३ | ७ | |
| २० | | रिब्दिकोट गापा | ३७ | १९ | ४ | ६ | ८ | |
| २१ | | तानसेन नपा | ५३ | २९ | ५ | ६ | १३ | |
| २२ | | तिनाउ गापा | ३९ | १९ | १० | ४ | ६ | |
| २३ | न.प पश्चिम | बर्दघाट नपा | ३७ | १९ | ७ | ३ | ८ | |
| २४ | | पालिनन्दन गापा | २८ | १५ | ६ | ४ | ३ | |
| २५ | | प्रतापुर गापा | ३१ | १५ | ९ | ३ | ४ | |
| २६ | | रामग्राम नपा | ३२ | १६ | ६ | ६ | ४ | |
| २७ | | सरावल गापा | २४ | १४ | ४ | १ | ५ | |
| २८ | | सुनवल नपा | ३५ | १४ | ८ | ४ | ९ | |
| २९ | | सुस्ता गापा | २५ | ११ | ९ | २ | ३ | |
| ३० | रुपन्देही | बुटवल उमनपा | ३८ | ११ | ४ | ९ | १४ | |
| ३१ | | देवदह नपा | ३० | १२ | ५ | ४ | ९ | |

| क्र.सं | जिल्ला | स्थानीय तह | विद्यालय संख्या | कक्षा १ देखि ५ सम्म | कक्षा १ खेदि ८ सम्म | कक्षा १ देखि १० सम्म | कक्षा १ देखि १२ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | | गैडहवा गापा | ३५ | १७ | ७ | ६ | ५ | |
| ३३ | | कन्चन गापा | १९ | ० | ८ | ७ | ४ | |
| ३४ | | कोटहीमाई गापा | २२ | १० | ५ | ४ | ३ | |
| ३५ | | लुम्बिनी नपा | ७२ | ४२ | २० | ४ | ६ | |
| ३६ | | मर्चवारी गापा | २३ | १२ | ६ | ० | ५ | |
| ३७ | | मायादेबी गापा | २९ | १३ | ४ | ७ | ५ | |
| ३८ | | औमसतिया गापा | २१ | १२ | ३ | ४ | २ | |
| ३९ | | रोहोणी गापा | २९ | १३ | ७ | ४ | ५ | |
| ४० | | सैनामैना नपा | १९ | १ | ५ | ७ | ६ | |
| ४१ | | समरीमाई गापा | ३५ | २१ | ८ | ४ | २ | |
| ४२ | | सिद्धार्थनगर नपा | ३१ | १६ | ४ | ६ | ५ | |
| ४३ | | सियारी गापा | २८ | १० | ८ | ५ | ५ | |
| ४४ | | सुद्धोदन गापा | १८ | ६ | ४ | ३ | ५ | |
| ४५ | | तिलोत्तमा नपा | ४२ | १३ | ८ | १० | ११ | |
| ४६ | कपिलवस्तु | वाणगंगा नपा | ४९ | १८ | १५ | ४ | १२ | |
| ४७ | | बुद्धभुमि नपा | ५९ | ३४ | ११ | ५ | ९ | |
| ४८ | | कपिलवस्तु नपा | ७५ | ५१ | ९ | ९ | ६ | |
| ४९ | | कृष्णनगर नपा | ५१ | ३९ | ५ | ४ | ३ | |
| ५० | | महाराजगंज नपा | ८८ | ६३ | १३ | ६ | ४ | |
| ५१ | | मायादेबी गापा | ६६ | ३६ | १७ | ८ | ५ | |
| ५२ | | शिवराज नपा | ६५ | ४१ | १२ | ५ | ७ | |
| ५३ | | सुद्धोदन गापा | ४३ | ३१ | ५ | ४ | ३ | |
| ५४ | | विजयनगर गापा | ४५ | २७ | ११ | ४ | ३ | |
| ५५ | | यशोधरा गापा | ३९ | २५ | ९ | ५ | ० | |
| ५६ | अर्घाखाँची | भुमिकास्थान नपा | ६२ | ४१ | ६ | ८ | ७ | |
| ५७ | | छत्रदेव गापा | ३७ | २१ | ८ | ३ | ५ | |
| ५८ | | मालारानी गापा | ५९ | ३९ | ६ | ७ | ७ | |
| ५९ | | पाणिनी गापा | ५८ | ३८ | ४ | ८ | ८ | |
| ६० | | संधिखर्क नपा | ६४ | ४१ | १२ | २ | ९ | |
| ६१ | | सितगंगा नपा | १०८ | ७९ | १३ | १२ | ४ | |
| ६२ | प्यूठान | ऐरावती गापा | ४१ | २९ | ५ | ३ | ४ | |
| ६३ | | गौमुखी गापा | ४९ | २९ | १० | ४ | ३ | |
| ६४ | | झिमरुक गापा | ४६ | २८ | ६ | ७ | ५ | |
| ६५ | | मल्लरानी गापा | २३ | १३ | ४ | ४ | २ | |

| क्र.सं | जिल्ला | स्थानीय तह | विद्यालय संख्या | कक्षा १ देखि ५ सम्म | कक्षा १ खेदि ८ सम्म | कक्षा १ देखि १० सम्म | कक्षा १ देखि १२ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ६६ | | माण्डबी गापा | २६ | १५ | ६ | १ | ४ | |
| ६७ | | नौबहिनी गापा | ३९ | २० | ९ | ७ | ३ | |
| ६८ | | प्यूठान नपा | ५२ | ३३ | ७ | ८ | ४ | |
| ६९ | | सरुमारानी गापा | २८ | १९ | १ | ५ | ३ | |
| ७० | | स्वर्गद्वारी नपा | ५४ | ३५ | ८ | ६ | ५ | |
| ७१ | रोल्पा | गंगादेव गापा | ३८ | १८ | १० | ५ | ५ | |
| ७२ | | लुङ्ग्री गापा | ३७ | २० | ८ | ४ | ५ | |
| ७३ | | माडी गापा | ३३ | १८ | ८ | ५ | २ | |
| ७४ | | रोल्पा नपा | ६६ | ४३ | १२ | ८ | ३ | |
| ७५ | | परिवर्तन गापा | ४४ | २४ | ८ | ८ | ४ | |
| ७६ | | रुन्टिगढी गापा | ५४ | ३५ | १० | ६ | ३ | |
| ७७ | | सुनिल स्मृति गापा | ४१ | २४ | ९ | १ | ७ | |
| ७८ | | सुनछहारी गापा | ३३ | १२ | ३ | ५ | ४ | |
| ७९ | | थवाङ्ग गापा | २१ | १५ | ३ | २ | १ | |
| ८० | | त्रिवेणी गापा | ३८ | १८ | ८ | १० | २ | |
| ८१ | रुकुम पुर्व | पुथा उत्तरगंगा गापा | ४५ | २७ | १० | ४ | ४ | |
| ८२ | | भुमे गापा | ३४ | १७ | ९ | ४ | ४ | |
| ८३ | | सिस्ने गापा | ३८ | २२ | ७ | ५ | ४ | |
| ८४ | दाङ्ग | बबई गापा | ३१ | १८ | ५ | ४ | ४ | |
| ८५ | | बंगलाचुली गापा | ४१ | २५ | १० | १ | ५ | |
| ८६ | | दंगिशरण गापा | १५ | ७ | ३ | ३ | २ | |
| ८७ | | गढवा गापा | ३२ | १८ | ७ | २ | ५ | |
| ८८ | | घोराही उमनपा | ९५ | ५१ | १८ | ६ | २० | |
| ८९ | | लमही नपा | २८ | ११ | ७ | ४ | ६ | |
| ९० | | राजपुर गापा | ३२ | १९ | ५ | ६ | २ | |
| ९१ | | रासि गापा | ३१ | १५ | ६ | ४ | ६ | |
| ९२ | | शान्तिनगर गापा | २४ | ९ | ७ | ४ | ४ | |
| ९३ | | तुल्सीपुर उमनपा | ६८ | ३० | १० | १५ | १३ | |
| ९४ | बाँके | बैजनाथ गापा | ३७ | ११ | १० | १२ | ४ | |
| ९५ | | डुडुवा गापा | ३५ | २२ | ६ | ४ | ३ | |
| ९६ | | जानकी गापा | ४१ | ३० | ६ | ४ | १ | |
| ९७ | | खजुरा गापा | ४९ | २९ | ४ | ८ | ८ | |
| ९८ | | कोहलपुर नपा | ३१ | ८ | ९ | ७ | ७ | |
| ९९ | | नरेनापुर गापा | ४९ | ३८ | ७ | २ | २ | |

| क्र.सं | जिल्ला | स्थानीय तह | विद्यालय संख्या | कक्षा १ देखि ५ सम्म | कक्षा १ खेदि ८ सम्म | कक्षा १ देखि १० सम्म | कक्षा १ देखि १२ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | | नेपालगंज उमनपा | ८२ | ५० | १३ | १० | ९ | |
| १०१ | | राप्तिसोनारी गापा | ५४ | १९ | १२ | ११ | १२ | |
| १०२ | बर्दिया | बढैया ताल गापा | ४० | १८ | ७ | ७ | ८ | |
| १०३ | | बाँसगढी नपा | ४० | १६ | १० | ६ | ८ | |
| १०४ | | बरबर्दिया नपा | ४३ | १८ | ११ | ६ | ८ | |
| १०५ | | गेरुवा गापा | २६ | १३ | ८ | १ | ४ | |
| १०६ | | गुलरीया नपा | ४७ | २९ | ८ | ५ | ५ | |
| १०७ | | मधुवन नपा | २७ | ११ | ५ | ५ | ६ | |
| १०८ | | रापापुर नपा | ३६ | २२ | ५ | ३ | ६ | |
| १०९ | | ठाकुरबाबा नपा | २६ | १२ | ५ | ४ | ५ | |

श्रोतः emis 2081

## अनुसूची- ३

## विद्यालय रोभिङ्ग नर्सलाई सेवा प्रदान गर्न चाहिने आवश्यक न्यूनतम औषधी तथा सामाग्रीहरु

1. BP Set (Adult and Pediatric)
2. First Aid Kit Box
    a. Dressing Set
    b. Betadine
    c. Bandage
    d. Splint
    e. Basic medicines, paracetamol, metoclopramide, amoxicillin, betadine ointment.
3. Measuring tape, MUAC tape
4. Weighing Scale
5. Anatomical Chart of Reproductive System / Human Body
6. Glucometer with strips
7. WHO Decision making tool for contraceptive choice
8. Referral Slip
9. IEC materials
10. Recording and Reporting registers and forms formats
11. Hand washing soap
12. Umbrella, kitbag, Identity card
13. Iron tablets, Albendazole, Pills, Condom, Depo

## अनुसूची- ४

## स्थानीय तहले विद्यालय रोभिङ्ग नर्सलाई कार्यक्षेत्र तोकि खटाउदा दिईने पत्रको ढाँचा

मितिः……………..

श्री ………………………..

ठेगानाः …………………………..

विषयः कार्यक्षेत्र तोकि काममा खटाईएको

स्वास्थ्य निर्देशनालयको मिति ……../………/………. को पत्राअनुसार करार नियुक्ति भई यस महानगर/उपमहानगर/नगर/गाउ पालिकामा खटिनुभएका तपाई विद्यालय रोभिङ्ग नर्सलाई यस कार्यालयको मिति ……/……/….. को निर्णयानुसार तपसिल बमोजिम कार्यक्षेत्र तोकि खटाईएको छ ।

खटाईएको कार्यक्षेत्रमा उपलब्ध कार्यविवरण अनुसार काम गरि नियमित प्रतिवेदन गर्नुहुन अनुरोध छ ।

तपसिलः

……………………………………..विद्यालय

……………………………………..विद्यालय

……………………………………..विद्यालय

……………………………………..विद्यालय

……………………………………..विद्यालय

……………………………………..विद्यालय –निजलाई कार्यविवरण अनुसार काम गर्नका लागि सहजिकरण गर्नुहुन

…………………………………….. अस्पताल/ स्वास्थ्य चौकी / आधारभूत स्वास्थ्य केन्द्र – निजलाई कार्यविवरण अनुसार आमा समुह बैठक तथा अन्य समुदायमा काम गर्नका लागि सहजिकरण गर्नुहुन ।

## अनुसूची-५

## फिल्ड कार्यतालिका एवम् संक्षिप्त सेवा विवरण

स्थानीय तहको नाम

विद्यालय रोभिङ्ग नर्सको नाम

सेवा प्रवाहका लागि फिल्डमा खटिनुपर्ने विद्यालयहरु तथा समुदायहरु

१. ……………………………………………….. विद्यालय

२. ……………………………………………….. विद्यालय

३. ……………………………………………….. विद्यालय

४. ……………………………………………….. विद्यालय

५. ……………………………………………….. विद्यालय

६. ……………………………………………….. विद्यालय

७. ……………………………………………….. स्वास्थ्य चौकी अन्तर्गतका आमा समुह बैठक, तथा समुदायका क्लस्टरहरु

| क सं | मिति | | सेवा दिने स्थान | सेवाको प्रकार |
|---|---|---|---|---|
| १ | देखि | सम्म | ……………विद्यालय<br>……………समुदाय | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची- ६

## दैनिक सेवा रजिस्टर नमुना

**विद्यालय रोभिङ्ग नर्सको नाम:**

**खटिएको स्थानीय तह:**

| क्र सं | मिति | सेवाग्राहीको नाम | सेवा (दिए अनुसार कोड लेख्ने) | सेवाको प्रकार | सेवा दिएको स्थान |
|---|---|---|---|---|---|
| | | | १. यौन तथा प्रजनन स्वास्थ्य<br>२. परिवार योजना<br>३. खोप<br>४. पोषण<br>५. सरुवा रोग<br>६. प्राथमिक उपचार<br>७. बाल तथा लैङ्गिक हिंसा<br>८. नसर्ने रोग<br>९. मानसिक स्वास्थ्य<br>१०. अन्य | स्वास्थ्य शिक्षा<br>परामर्श<br>स्वास्थ्य परिक्षण<br>सामान्य उपचार | विद्यालय वा समुदायको नाम लेख्ने |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-७

## मासिक प्रतिवेदन फारम

**विद्यालय रोभिङ्ग नर्सको नामः**

**खटीएको स्थानीय तहः** **प्रतिवेदन पेश गरेको महिनाः**

| क्र सं | सेवा | सेवाको प्रकार | जम्मा लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | यौन तथा प्रजनन स्वास्थ्य | स्वास्थ्य शिक्षा<br>परामर्श<br>स्वास्थ्य परिक्षण<br>सामान्य उपचार | | |
| २ | परिवार योजना | स्वास्थ्य शिक्षा<br>परामर्श | | |
| 3 | खोप | स्वास्थ्य शिक्षा<br>परामर्श<br>सेवा प्रदान | | |
| ४ | पोषण | स्वास्थ्य शिक्षा<br>परामर्श<br>स्वास्थ्य परिक्षण<br>उपचार | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सरुवा रोग | स्वास्थ्य शिक्षा<br>स्वास्थ्य परिक्षण<br>उपचार | | |
| ६ | प्राथमिक उपचार | स्वास्थ्य परिक्षण<br>परामर्श<br>उपचार<br>प्रेषण | | |
| ७ | बाल तथा लैङ्गिक हिंसा | स्वास्थ्य शिक्षा<br>परामर्श<br>स्वास्थ्य परिक्षण<br>प्रेषण | | |
| ८ | नसर्ने रोग | स्वास्थ्य शिक्षा<br>परामर्श<br>स्वास्थ्य परिक्षण<br>प्रेषण | | |
| ९ | मानसिक रोग | स्वास्थ्य शिक्षा<br>परामर्श<br>स्वास्थ्य परिक्षण<br>प्रेषण | | |
| १० | अन्य सेवाहरु | स्वास्थ्य शिक्षा,<br>परामर्श<br>प्रेषण | | |

प्रमाणित गर्ने

अनुसूची -८

# प्रेषण पुर्जा

विद्यालय/समुदायः

मितिः　　　　　　　　　　　　　　　　समयः

विरामीको नामः　　　　　　　　　　　　ठेगाना

उमेर/लिङ्गः　　　　　　　　　　　　　　सम्पर्क नः

विरामीको स्वास्थ्य अवस्थाः

| तापक्रम (temperature) | नाडिको गति (Pulse) | श्वासप्रश्वास दर (respiratory rate) | रक्तचाप (Blood Pressure) | वजन (Weight) | उचाई (Height) |
|---|---|---|---|---|---|
| | | | | | |

Chief Complain:

Treatment Received:

Reason for Referral:

Additional Information:

श्री .......................................... अस्पताल/स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र

उपरोक्त विवरण भएको ब्यक्ति/विद्यार्थी लाई आवश्यक थप सेवाका लागि तहाँ पठाईएको छ । सम्पर्कमा आएपछि फिर्ती जानकारी गराउनुहुन अनुरोध छ ।

प्रेषणकर्ता

सहि ........................ नाम.................................... पद ............................. सम्पर्क नं.........................